## फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड-८ संख्या-४ मितिः२०८१।१०।११**

## भाग-२

## फुङलिङ नगरपालिका

## "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१"

# <u>“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१</u>

**कार्यपालिकाको बैठकबाट पारित**
**मिति २०८१/१०/०९**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

(१) संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(२) घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधनः घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (२), (३) र (४) को सट्टामा देहाय बमोजिम रिखिएका छन्।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु पूर्वाधार विकास महाशाखा/शाखाबाट रितपूर्वक भए वा नभएको चेकजाँच गरी निर्णयको लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नुपर्नेछ।

(३) दफा (२) बमोजिम पेश भएका दरखास्तहरु योग्यता पुगेको निर्माण व्यवसायी, फर्म तथा कम्पनीहरुको इजाजतपत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट अनुसुची-२ बमोजिमको ढाँचामा जारी हुनेछ।

(३) घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ५ मा संशोधनः दष्ट्रव्य (१) को सट्टामा “बुँदा नं.३ को खण्ड (क) र (ख) मा उल्लेख भएको उपकरणका सम्बन्धमा उपकरणको स्वामित्वको प्रमाणपत्र अथवा भाडा वा लिजमा लिएको भए कम्तीमा २ वर्षको लागि लिएको प्रमाण पेश गर्नुपर्नेछ। सो बाहेकका उपकरणहरु सम्बन्धित फर्म वा कम्पनी स्वंको स्वामित्वमा भएको प्रमाणपत्र साथै विमा गरेको कागजातहरु पेस गर्नुपर्नेछ।”

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**
**कृष्ण प्रसाद गौतम**